# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलौरी, कञ्चनपुर
## सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं.: २०७९।०८०
च.नं.: 2352

मितिः २०७९।१२।३०

**विषयः आवश्यक पहल गरिदिने सम्बन्धमा ।**

**श्री जिल्ला प्रशासन कार्यालय,**
कञ्चनपुर ।

नेपाल सरकारको प्रथम प्राथमिकता (Priority One-P1) मा परेको परियोजना हुलाकी राजमार्ग अन्तर्गत यस नगर क्षेत्रमा पर्ने खण्डको अधिकांश निर्माण कार्य समाप्त भई सकेको अवस्था छ । यस नगरपालिकाको वडा नं. ८ स्थित कालो पुलदेखि पचुई इट्टा भट्टा पश्चिम मोडसम्म नेपाल भारत सीमाना क्षेत्रको सीमा स्तम्भ नं. ३८ (अड़तीस) नजिकैको विवाद रहित नेपाली भूमिको करीब १२०० मि. सडक निर्माण कार्यमा भारतीय सशस्त्र सीमा बल (Sashastra Seema Bal- SSB), बाट बारम्बार अवरोध भई निर्माण कार्य अवरुद्ध भइरहेको र सोही ठाँउमा विद्युत लाईन बिस्तार गर्दा लाईन बिस्तारमा अवरोध भइरहेकोले उक्त ठाँउमा निर्माण कार्यको पहल गरीदिनहुन मिति २०७९।१२।३० गते बसेको नगर कार्यपालिका बैठक को निर्णय नं. २ मा काम सुचारु पहल गर्न अनुरोध गर्ने निर्णय समेत भएको हुँदा उक्त कार्यहरुलाई सम्पन्न गर्नको लागि मित्र राष्ट्र भारतका सम्बद्ध निकायहरुसँग यथासम्भव छिटो आवश्यक पहल गरिदिनुहुन अनुरोध छ ।

१२।३०
पोती लाल चौधरी
नगर प्रमुख


Phone: 099-580407/292 Email: belaurimunicipality@gmail.com Website: http://www.belaurimun.gov.np